प्रतिदिन १६औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY






वर्ष-१६ ।। अङ्क : १२४ ॥ २०८१ जेठ ३२ गते शुक्रबार (14th Jun 2024 Friday) | Pratidin National Daily | मूल्य-रु.५/-


# चट्याङका कारण नौ जनाको मृत्यु

• लक्ष्मी उप्रेती

मेचीनगर । गत आर्थिक वर्ष २०७९/०८० मा कोशी प्रदेशका विभिन्न जिल्लामा परेको चट्याङका कारण नौ जनाको मृत्यु भएको छ भने ९८ लाख रुपैयाँभन्दा बढीको क्षति भएको छ । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका अनुसार त्यो अवधिमा प्रदेशका ७३ स्थानमा चट्याङ परेको थियो । जसका कारण ९८ लाख ७४ हजार रुपैयाँ बराबरको क्षति भएको छ । एक वर्षमा तीन सय १४ जना प्रहरी परिचालन गरिएको थियो । चट्याङबाट मृत्यु हुने गरेका अधिकांश मानिसहरू कोही गाईभैंसी चराउन खुला ठाउँमा भएको बखत, कोही खेतबारीमा काम गरिरहेको बखत र खुला ठाउँमा हिँडिरहेको बखतका छन् । विशेषगरी चट्याङले खुला ठाउँ र ठूलो रूख छेउछाउ, अग्ला टावरहरूमा प्रहार गर्ने बताइएको छ ।



यो अवधिमा खोटाङ जिल्लामा सबैभन्दा बढी २४ लाख ३० हजार रुपैयाँ बराबरको क्षति हुन पुगेको छ । जिल्लाका अलग अलग तीन स्थानमा परेको चट्याङका कारण एकजना मानिसको मृत्यु, दुईजना घाइते, एउटा चौपाया मरेको थियो । त्यसपछि ओखलढुङ्गा जिल्लामा २१ लाख १० हजार रुपैयाँको क्षति भएको छ । जिल्लाको नौ स्थानमा चट्याङ पर्दा दुईजना मानिसको मृत्यु र पाँच जना घाइते, तीनवटा चौपाया मरेका तथा पाँचवटा घर प्रभावित बनेको बताइएको छ ।

झापाको विभिन्न १३ स्थानमा परेको चट्याङका कारण दुई जनाको मृत्यु, चारजना घाइते , छ वटा चौपायाको मृत्यु तथा चार लाख ५७ हजार रुपैयाँ बराबरको क्षति भएको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका सूचना अधिकारी सुमनकुमार तिम्सिनाले जानकारी दिए । झापामा ६० जना प्रहरी परिचालन गरिएको थियो ।

कार्यालयको अभिलेख अनुसार कोशी प्रदेशका १४ वटा जिल्लाहरुमध्ये सवैभन्दा बढी झापामा चट्याङ परेको छ भने कम मोरङ र तेह्रथुम जिल्लाका एक/एक स्थानमा चट्याङ परेको थियो । ती जिल्लामा चट्याङका कारण मानवीय क्षति नभए पनि मोरङमा ८० हजार रुपैयाँ र तेह्रथुममा दुईवटा घर प्रभावित हुँदा एकलाख ५० हजार रुपैयाँ बराबरको क्षति भएको थियो । तेह्रथुममा चारजना प्रहरी परिचालन गरिएको थियो । इलामका तीनवटा स्थानमा परेको चट्याङका कारण चारवटा चौपाया मरेका थिए भने एउटा घर प्रभावित हुँदा एकलाख दश हजार रुपैयाँको क्षति भएको प्रहरीले जनाएको छ । त्यहाँ सात जना प्रहरी परिचालन गरिएको थियो ।

पाँचथर जिल्लाको पाँच स्थानमा चट्याङ पर्दा २४ लाख २० हजार रुपैयाँ बराबरको क्षति भएको छ । पाँचथरमा चट्याङका कारण तीनजना मानिस घाइते, ५९ वटा चौपायाको मृत्यु, १२ वटा घाइते र १७ जना प्रहरी परिचालन गरिएको बताइएको छ । ताप्लेजुङ जिल्लामा चट्याङका कारण एक वर्षमा ३९ हजार रुपैयाँ बराबरको क्षति हुन पुगेको छ । ताप्लेजुङको विभिन्न पाँच स्थानमा परेको चट्याङका कारण दुईजना मानिस घाइते, २५ वटा चौपायाको मृत्यु, एउटा घर प्रभावित र १७ जना प्रहरी परिचालन गरिएको कार्यालयले जनाएको छ । सुनसरी जिल्लाको दुई स्थानमा चट्याङ परेका कारण दुईजनाको ज्यान गएको छ भने एकजना घाइते भएका छन् । १४ जना प्रहरी परिचालन गरिएको र क्षति नभएको प्रहरीले जनाएको छ । यसैगरी, चट्याङका कारण धनकुटामा एक वर्षमा पाँचजना मानिस घाइते र पाँचवटा चौपाया मरेका छन् । जसका कारण दुई लाख ७० हजार रुपैयाँ बराबरको क्षति हुन पुगेको छ । जहाँ १५ जना प्रहरी परिचालन गरिएको थियो ।

संखुवासभा जिल्लाको छ स्थानमा परेको चट्याङका कारण दुई लाख ४५ हजार रुपैयाँ बराबरको क्षति हुन पुगेको थियो । एकजना मानिसको मृत्यु, आठ वटा चौपायाको मृत्यु र छ वटा घरमा क्षति पुगेको थियो । भोजपुरका एक वर्षको अवधिमा विभिन्न दशवटा स्थान चट्याङ परेको थियो । यसका कारण जिल्लामा ८० हजार रुपैयाँ बराबरको क्षति पुगेको, १४ जना मानिस घाइते र १२ वटा चौपाया मरेका तथा दुईवटा घरमा क्षति पुगेको थियो । भोजपुर जिल्लामा २५ जना प्रहरी परिचालन गरिएको थियो । उदयपुर जिल्लामा एक वर्षको अवधिमा चट्याङका कारण सात लाख ९३ हजार रुपैयाँ बराबरको क्षति पुगेको छ । ७५ जना प्रहरी परिचालन गरिएको थियो भने, नौ स्थानमा परेको चट्याङका कारण दुईजना मानिसको मृत्य, एउटा चौपायाको मृत्यु, ११ वटा चौपाया घाइते र दुई घरमा क्षति पुगेको थियो ।

सोलुखुम्बु जिल्लाका दुई स्थानमा चट्याङ पर्दा ६९ लाख रुपैयाँ बराबरको क्षति भएको छ । तीनवटा चौपाया मर्दा ११ जना प्रहरी परिचालन गरिएको छ । चालु आर्थिक वर्षको दश महिनामा कोशी प्रदेका विभिन्न जिल्लाका अलग अलग ३८ स्थानमा चट्याङ परेको छ । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका सूचना अधिकारी प्रहरी उपरीक्षक तिम्सिनाका अनुसार त्यसमा परेर चार जना मानिसको मृत्यु, १७ जना घाइते भएका छन् । ५० वटा चौपाया मर्दा २० वटा घर प्रभावित बनेका छन् । कुल २८ लाख १४ हजार तीन सय रुपैयाँको क्षति पुग्दा १ सय ६५ जना प्रहरी परिचालन गरिएको छ ।

चट्याङ भनेको आकाशबाट खराब मौसमको बेलामा जमिनमा खस्ने एक प्रकारको बिद्युतीय करेन्ट हो । हुरीबतासको मौसम वा वर्षायाममा वायुमण्डलमा विपरीत दिशाबाट तीव्र गतिको वायु एकापसमा ठोक्किंदा चर्को आवाजसहित बढी भोल्टको विद्युतीय लहर उत्पन्न भई खास बाटो बनाएर जान्छ, यसलाई नै चट्याङ भनिने गरिएको छ । जब आकाशमा छिटो-छिटो बिजुली चम्कने र मेघ गर्जन हुन थाल्छ, पृथ्वीमा हुरीबतास चल्न थाल्यो भने चट्याङको डर बढ्दै जान्छ र चट्याङबाट हानि-नोक्सानी हुने खतरा बढी हुने मौसमविद्हरुको भनाई छ।

नेपालमा बर्सेनि पाँचसय ४० वटाजति प्राकृतिक प्रकोपहरू आउँछन्, जसको १५ प्रतिशत हिस्सा चट्याङले ओगटेको एउटा अध्ययनले देखाएको छ । नेपालमा बढीजसो चैत, वैशाख र जेठ महिनामा चट्याङले असर गर्छ। जलवायु परिवर्तनले पनि चट्याङ निम्त्याइरहेको हुन्छ । जलवायुको परिवर्तनको कुनै नियम छैन ।

## चट्याङ लागेर एक जनाको ज्यान गयो

झापा(प्रस) ।संखुवासभाको चिचिला गाउँपालिका-२ आहालेमा चट्याङ लागेर ४३ वर्षीया सावित्रा गुरुङको मृत्यु भएको छ।

बुधबार राति हावाहुरीसँगै आएको वर्षाको क्रममा चट्याङ लाग्दा उनको मृत्यु भएको प्रहरी प्रमुख प्रहरी निरीक्षक रामकुमार लामिछानेले बताए ।

बुधबार राति करिब ११ बजे परेको चट्याङ लागेर ४३ वर्षीया गुरुङको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। मृतकको शव पोस्टमार्टमका लागि बिहीबार जिल्ला अस्पताल लगिएको छ।

## ढल खन्दा पुरिएर ३ मजदुरको मृत्यु

झापा(प्रस) । पूर्वी नवलपरासीको सदरमुकाम कावासोतीको फलफूल चोकमा ढल निकास निर्माणका क्रममा ३ महिला मजदुरको मृत्यु भएपछि आक्रोशित स्थानीयले कावासोती नगरपालिकाका मेयरविरुद्ध नाराबाजीसहित घर घेराउ गरेका छन् ।

कावासोती नगरपालिकास्थित महेन्द्र राजमार्गमा रहेको मेयर विष्णुप्रसाद भुसालविरुद्ध नाराबाजी गर्दै स्थानीय युवाले बिहीबार राति मेयरको घर घेराउ गरेका छन् । मेयरको घरमा स्थानीयले ढुंगा हानेको प्रत्यक्षदर्शी शंकरराज कँडेलले जानकारी दिए । बिहीवार राति ९ बजे मेयरको घरको सुरक्षाका लागि ठूलो संख्यामा प्रहरी खटाइएको छ ।

कावासोती थानादेखि पूर्वतर्फ लगिएको ढलको नाला एक महिनाअघिबाट खन्न सुरु गरिएको हो । थानाचोकदेखि पूर्व हाटबजारसम्म लगिएको नाला खन्न फटाफट काम नगरेको भन्दै मेयरको ध्यानाकर्षण गराए पनि मेयरले बेवास्ता गरेको स्थानीयको आरोप छ ।

फलफूल चोकका स्थानीयले केही दिनअघि चाँडो काम सम्पन्न गर्न भन्दै मेयरकहाँ डेलिगेसन गएका थिए । बिहीबार साँझ ६ बजेतिर खाल्डो खन्दा पुरिएका ३ महिला मजदुरमध्ये २ जनाको अस्पताल लैजाँदै गर्दा र एक जनाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

नगरपालिकाले महेन्द्र राजमार्गदेखि उत्तरतर्फ पानीको निकासका लागि ९- १० फिट गहिरो खाल्डो (नाला) खन्ने क्रममा ३ जना महिला मजदुर पुरिएका थिए । राजमार्ग किनारमै नाला खन्दा नगरपालिका र ठेकेदारले आवश्यक सावधानी नअपनाएको भन्दै स्थानीयले विरोध गरेका छन् ।

## बाह्रदशीमा अटोको ठक्करबाट बालकको मृत्यु



झापा(प्रस) । झापाको बाह्रदशीस्थित भित्री सडकखण्डमा अटोको ठक्करबाट एकजना बालकको मृत्यु भएको छ ।

जेठ २५ गते दिउँसो अन्दाजी ४:४५ बजेको समयमा बाह्रदशी गाउँपालिका वडा नम्बर ६ पाखिवास धमलागाउँस्थित भित्री पक्की सडकखण्डमा घैलाडुब्बाबाट फूलबारीतर्फ जाँदै गरेको मे १ ह ६२०२ नम्बरको अटोले धनकुटा घर भई हाल बाह्रदशी गाउँपालिका वडा नम्बर ६ बस्ने मामा टेकबहादुर भट्टराईको घरमा बस्दै आएका राजन कार्कीका छोरा ९ वर्षीय प्रज्वल कार्कीलाई ठक्कर दिएको थियो ।

टाउको र शरीरको बिभिन्न भागमा चोट लागेर तत्काल उपचारको लागि बिर्तासिटी अस्पताल पठाइएकोमा बोल्न नसक्ने गम्भीर घाइते बालकलाई थप उपचारको लागि बिराट मेडिकल अस्पतालको आइसीयु कक्षमा राखी उपचार भइरहेकोमा बिहीवार बिहान ४.५३ बजे उपचारको क्रममा मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ। अटो र अटो चालक कनकाई नगरपालिका वडा नम्बर ८ बस्ने ३५ वर्षीय कुमार तामाङलाई इलाका प्रहरी कार्यालय बिर्तामोडले नियन्त्रणमा लिएको छ ।

## कांग्रेसले गिरीबन्धुको स्यालहुइँया मच्चाइरहेको छ : ओली

झापा(प्रस) । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले गिरीबन्धु टि-इस्टेटका बारेमा गलत प्रचार गरेर कांग्रेसले स्यालहुइँया मच्चाइरहेको आरोप लगाएका छन् । कानुन, नियमबिना बलजफ्ती बिक्री गरेर गिरीबन्धु टि-इस्टेटको जग्गा बेचेकाहरु अहिले खान नपाएको रिसले कराइरहेको उनको आरोप छ ।

बिहीबार भक्तपुरमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले नेकपा एमालेलाई देशका लागि काम गर्न नदिनका लागि कांग्रेसले एमालेमाथि आक्रमण गरिरहेको बताए ।

उनले पशुपतिमा एक सय ८ केजी सुन भनेर पित्तल चढाए, कम्बोडियामा ३ हजार करोढ टेलिकममा लगानी छ भन्नेहरु कता गए भन्दै प्रश्नसमेत गरे ।

‘एउटा स्याल कराइसक्यो, अर्को स्याल निस्किएर कराउँछ । एउटा करायो, पशुपतिमा एक सय ८ केजी सुन भनेर केपी ओलीले पित्तल चढायो, छानबिन गरी पाउँ भनेर । पशुपतिमा चढाएको जलहरी भत्काएर, तौलिएर, सुन हो कि होइन घोटेर उधुम गरे ।

सुनै चढाएको रहेछ । कहाँ गयो त्यो कराउने अहिले ?’ उनले भने, ’अर्को करायो कम्बोडियामा तीन हजार करोड लगेर टेलिकममा राखेको छ रे ! कहाँ गयो, त्यो अचेल, फिर्ता ल्याए भयो नि, त्यो पैसा । उनीहरुको सरकार थियो, अस्तिसम्म । किन ल्याएन फिर्ता । अहिले गिरीबन्धु टि-इस्टेट भनेर कराएका छन् । गिरीबन्धु टि-इस्टेटमा एक पटक ५१ र अर्को पटक १९ बिघा गरेर ७० बिघा कानुन, नियमबिना बलजफ्ती बिक्री गरेर तिनै तत्वहरुले खाएका थिए ।

गिरीबन्धु टि-इस्टेटलाई बेथिति गर्न पाइँदैन भनेर कानुन हामीले बनायौं, कानुन बनाएपछि नियम कानुनभित्र बस्नुपर्‍यो, बेचेर खान नपाइने भयो भनेर स्यालहुइँया मच्चाएका छन् ।’

उनले वैचारिक संघर्ष गर्न नसक्नेहरुले एमालेमाथि प्रहार गरिरहेको समेत बताए । ‘केपी ओलीले त्यो र यो गर्‍यो भनेर । यो किन हुन्छ भने हाम्रो पार्टीसँग वैचारिक संघर्ष गर्न सक्दैनन् । देश बनाउने कसरी त्यो आइडिया छैन । अनि एमालेलाई बद्नाम गर्ने । यिनीहरुले यो काम गरो भन्ने त छैन नि ! एउटा सिन्को भाँचेको छ, यिनीहरुले देशका लागि,’ उनको भनाइ थियो ।

अध्यक्ष ओलीले एमालेभित्र एकताका लागि ठाउँ रहेको भन्दै फाटो, विभाजन र गुटबन्दीका लागि ठाउँ नरहेको बताए । उनले मिसन ०८४ देशको राष्ट्रिय शक्तिलाई निर्णायक तहमा पुर्‍याएर देशको विकास गर्नका लागि रहेको दाबी गरे ।




# बंगलादेश र नेपालबीच पर्यटन प्रवर्द्धन गर्ने सम्झौता



झापा(प्रस) । समुद्र सतहका पर्यटकहरुलाई शिखरसम्म पुर्‍याउने उद्देश्यले नेपाल र बंगलादेशका पर्यटन व्यवसायीहरुले बिहीबार राजधानीमा सम्झदारीपत्रमा हस्ताक्षर गरेका छन् ।

नेपालका तर्फबाट नेपाल एसोसिएसन अफ ट्राभल एण्ड टूर एजेन्ट्स (नाट्टा) का अध्यक्ष कुमारमणि थपलिया र टुर अपरेटर्स एसोसिएसन अफ बंगलादेश (टोअब) का तर्फबाट एमडी रफेउज्मानले सम्झदारपत्रमा हस्ताक्षर गरेका छन् ।

नाट्टा महासचिव युविका भण्डारीका अनुसार, दुवै संस्थाले नेपाल र बंगलादेशबाहेक तेस्रो मुलुकका पर्यटकहरुलाई आकर्षित गर्ने जनाएका छन् । दुबै मुलुकले पहिलो चरणमा प्रमुख गन्तव्यहरुमा परिचयात्मक भ्रमण (फ्याम ट्रिप) संचालन गर्ने, नेपालका हिमाली क्षेत्रका गतिविधि तथा बंगलादेशको तटीय क्षेत्रका बासिन्दाहरुको जीवनशैलीलाई दुवै देशका टुर अपरेटर तथा संचारमाध्यममार्फत प्रचार गर्ने, साहसिक तथा मनोरञ्जनात्मक गतिविधि विकास गर्ने, पर्यटकीय अवसरहरु विकास गर्न दुवै देशमा सम्मेलन र सेमिनारहरु अयोजना गर्ने उल्लेख गरिएको छ ।

दुवै देशका व्यवसायीहरुले पर्यटकीय बजार, व्यवस्थापनबारे मार्केटिङ अभियान संचालन गर्ने, अन्तर्राष्ट्रिय मेलाहरुमा सहभागिता जनाउने पनि समझदारीपत्रमा उल्लेख गरेका छन् । पर्यटक आगमन दरमा संसारका १ सय १९ मुलुकमध्ये बंगलादेश १ सय ९ औं स्थानमा परेको थियो भने नेपाल ८० औं स्थानमा रहेको छ ।नेपाल भ्रमणमा आउने प्रमुख पर्यटकहरुमध्ये बंगलादेश उत्कृष्ट ५ औं स्थानमा रहेको छ ।

# सवारी दुर्घटनामा दैनिक ७ जनाको मृत्यु

झापा(प्रस) । कपिलवस्तुको बुद्धभूमि नगरपालिका-४ झडुलामाईमा बस र पिकअप ठोक्किँदा एकजनाको मृत्यु भयो। आठजना घाइते भए।

काठमाडौँबाट सुर्खेत जाँदै गरेको क प्र ०२-००१ ख ०५२५ नम्बरको बस र लु १ च ९२८४ नम्बरको पिकअप मंगलबार बिहान करिब साढे ५ बजे ठक्कर खाँदा पिकअपका चालक कपिलवस्तुका हिरालाल बढईको मृत्यु भयो।

पिकअपमा च्यापिएका बढईलाई दुई घण्टापछि निकालिएको इलाका प्रहरी कार्यालय गोरुसिंगेका प्रहरी निरीक्षक वीरबहादुर सुनारले जानकारी दिए। रूपन्देहीको सैनामैना नगरपालिका-१० सालझण्डीमा बस दुर्घटना हुँदा ४३ जना घाइते भए।

दाङबाट काठमाडौँका लागि छुटेको रा १ ख २७८३ नम्बरको बस बुधवार राति ११ बजेर ५० मिनेटमा सालझण्डी बजारस्थित पुलमा बिग्रेर राखेको लु १ ख ६८७ नम्बरको बालुवा बोकेको ट्रकमा ठोक्किएको हो।

दुर्घटनामा बस चालक र यात्रुसहित ४३ जना घाइते भएको जिल्ला प्रहरी कार्यालय रूपन्देहीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मनोहरप्रसाद भट्टले जानकारी दिए।

हरेक दिन यस्ता दुर्घटनाका खबर मिडियाबाट आइरहेकै छ।

जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका डिएसपी हरि ओली राजमार्गमा हुने सवारी दुर्घटनाको मुख्य कारण द्रुत गति नै रहेको बताउँछन्।

हाम्रा सडकहरू सामान्यतया ६० किलोमिटर प्रतिघण्टा हुने भए पनि ७०/८० किलोमिटरमा सवारी गुडाइरहेका हुन्छन्। ओलीका अनुसार सडक दुर्घटना न्युनिकरण गर्न ठाउँ-ठाउँमा खटिने प्रहरीका अगाडि सुस्त देखिए पनि अन्य बेला चालकले नियम मान्दैनन्। जति सक्दो तीव्र गतिमा कुदाउँछन्। मध्यक्षेत्रको बुटवल-नारायणगढ सडक खण्डमा निर्माणको काम भइरहेको छ। सवारी जाम र सडकको दुरावस्थाले सवारी चालक थाकिसकेका हुन्छन्। बुटबलबाट अगाडि राजमार्गमा सवारीको रफ्तार बढ्ने भएकाले दुर्घटना हुने गरेको सडक सुरक्षाविज्ञ आशिष गजुरेल बताउँछन्।

सामान्यतया एक चालकले २५० किलोमिटर चलाउन नपाउने भनिए पनि नेपालमा यसको कुनै मापदण्ड लागू नभएको गजुरेलको भनाइ छ।

'लामो दुरीका सवारीमा दुई चालक आवश्यक पर्छ। त्यो नियम भए पनि व्यवहारमा लागू भएको छैन। निरीक्षण गर्ने प्रविधि छैन। 'चालकले रातभर चलाए पनि प्रहरीका अगाडि भर्खर चलाएको हुँ भनेर झुट बोल्छ', उनले भने, 'सरकारले लामो दुरीका सवारीमा दुईजना चालक राखे पनि यसले प्रभावकारी काम हुन सकेन।'

सडकको अवस्था र हाम्रा सवारी साधनको अवस्थाले पनि सवारी दुर्घटनामा कुनै कमी नभएको उनले बताए।

**पाँच वर्षमा १४ हजार ५३८ बस दुर्घटना**

बितेको पाँच वर्षमा साना र ठूला गरेर करिब १ लाख १६ हजार ९९९ दुर्घटनाहरू भएका छन्। जसमा बस करिब १४ हजार ५३८ दुर्घटनामा परेका छन्। नेपाल प्रहरीले दिएको तथ्यांक अनुसार ८०/८१ को वैशाख मसान्तसम्म १ हजार ९४२ बस दुर्घटना भएका छन्।

७९/८० मा २ हजार ८५० बस दुर्घटना भए। त्यस्तै, ७८/७९ मा २ हजार ७८६ बस दुर्घटना भएका छन्। ७७/ ७८ मा १ हजार ७१९, ७६/७७ मा २ हजार ६०७ र आव ७५/ ७६ मा २ हजार ६३३ वटा दुर्घटना भएका छन्।

**१४ हजारले गुमाए ज्यान**


बितेको पाँच वर्ष र चालु वर्षको वैशाख मसान्तमा साना ठूला दुर्घटनामा करिब १४ हजार ७६८ जना नागरिकले ज्यान गुमाएका छन्। त्यस्तै दुर्घटनाबाट गम्भीर घाइते हुनेको संख्या ४० हजार ३८० रहेको छ।

**'निगरानी गर्ने प्रविधि भएन'**

सडक दुर्घटनाको मुख्य कारण नै असुरक्षित सडक हो। यद्यपि आज देशका सडक हेर्ने हो भने धेरै नै स्तरोन्नति भएको छ त/ पर्याप्त छैन। सवारी साधनको अस्वस्थ प्रतिस्पर्धा, बिनाट्रायल सवारी चालक अनुमतिपत्र वितरण, अनुशासनको कमी नै आजको मुख्य समस्या रहेको गजुरेल सुनाउँछन्।

'सवारी चालकको मानसिक अवस्थाबारे हामीले सोचिरहेका छैनौँ। नियमअनुसार सवारीलाई वर्षमा चारपटक जाँच गर्नुपर्ने भन्ने छ तर हामीकहाँ यस्तो केही पाउँदैनौँ। सवारी जाँचलाई एकदमै कडाइ गर्न जरुरी छ। सवारी चालकको प्रभावकारी नियमन नै आजको आवश्यकता हो', उनले भने।

# रुसी सेनामा भर्ती भएका २ भारतीय नागरिकको मृत्यु



झापा(प्रस) । रुसी सेनामा भर्ती भएका दुई भारतीय नागरिकको मृत्यु भएको छ । युक्रेनसँगको लडाइँमा दुई भारतीय नागरिकको मृत्यु भएको भारतीय विदेश मन्त्रालयले प्रेस विज्ञप्ति जारी गरी जनाएको छ । भारतीय विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'हामी मृततका परिवारप्रति गहिरो समवेदना प्रकट गर्छौं । मस्कोस्थित हाम्रो दूतावास रुसी रक्षा मन्त्रालयसहित रुसी अधिकारीहरूसमक्ष मृततको शव ल्याउन पहल गरिरहेको छ।' विदेश मन्त्रालयले मस्कोस्थित भारतीय दूतावासले भारतका लागि रुसी राजदूत र मस्कोका रुसी अधिकारीहरूलाई रुसी सेनामा भर्ती भएका भारतीय नागरिकको अविलम्ब रिहाइ र घरफिर्तीका लागि दबाब दिइरहेको पनि जनाएको छ ।

भारतीय विदेश मन्त्रालयले रुसी सेनामा भारतीय नागरिकको भर्तीमाथि पूर्ण रूपमा प्रतिबन्ध लगाइएको पनि जनाएको छ । यही मार्चमा रुसी सेनामा अवैधानिक रूपमा भारतीय नागरिकहरू भर्ती भएको खबर सार्वजनिक भएको थियो । रुसी सेनामा ठूलो संख्यामा नेपाली नागरिकसमेत भर्ती भएका छन् । नेपाल सरकारले रुसी पक्षबाट युक्रेनसँगको युद्धमा जेठ १ सम्म २३ जना नेपालीको मृत्यु भएको जानकारी दिएको छ । ५ जना नेपाली नागरिक युक्रेनी सेनाको कब्जामा छन् । रुसी सेनामा कति नेपाली भर्ती भएका छन् र मृत्यु हुनेको संख्या कति पुग्यो भन्नेबारेमा हालसम्म प्रस्ट तथ्यांक भने आएको छैन।

# सनपाट र धान गोदाममा आगलागी, ४५ लाखको क्षति




झापा(प्रस) ।मोरङको जहदा गाउँपालिका-७ भीमपुरस्थित सनपाट र धानको गोदाममा आगलागी भएको छ। आगलागीमा ४५ लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ। स्थानीय सुरेशप्रसाद सिंहले सञ्चालन गरेको गोदाममा बिहीबार बिहान ३ बजेतिर आगलागी भएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतले बताए। उनका अनुसार आगोले टिनको छाना र पक्की गाह्रो भएको गोदामसहित गोदाम घरभित्र रहेको ३ सय २५ क्विन्टल सनपाट तथा ९ सय ५० क्विन्टल धान जलेको छ।

आगलागीको कारण यकिन हुन सकेको छैन। यद्यपि, विद्युत सर्ट हुँदा आगलागी भएको हुनसक्ने प्रहरीको अनुमान छ।

स्थानीय बासिन्दा, विराटनगर महानगरपालिकाको दमकल र प्रहरीको सहयोगमा लगभग ४ घण्टापछि आगो नियन्त्रणमा लिइएको थियो। घटनामा मानवीय र चौपाया क्षति भने भएन। घटनाको अनुसन्धान सुरु गरिएको डीएसपी बस्नेतले बताए।

# झापामा राष्ट्रिय परिचयपत्र विवरण संकलन दुई चरणमा




झापा(प्रस) । झापामा राष्ट्रिय परिचयपत्र बनाउने सेवाग्राहीको चाप बढेपछि विवरण सङ्कलनको काम दैनिक दुई चरणमा गर्न थालिएको छ । दैनिक बिहान ७ बजेदेखि विवरण सङ्कलन गर्ने गरिएको छ । कर्मचारीलाई बिहान र दिउँसो गरी दुई चरणमा काममा खटाई राष्ट्रिय परिचयपत्रको विवरण सङ्कलन र वितरण थालेको प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलाले जानकारी दिए । उनका अनुसार दैनिक तीन सयदेखि चार सयजनाको राष्ट्रिय परिचयपत्रका लागि विवरण सङ्कलन गर्ने काम भइरहेको छ । "दैनिक एक सयको हाराहारीमा राष्ट्रिय परिचयपत्र वितरण गर्ने काम भइरहेको छ । बिहान ७ बजेदेखि नै टोकन वितरण गर्छौं, सेवा प्रवाहमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिलाई प्राथमीकतामा राखेका छौं", प्रजिअ बाँस्तोलाले भने ।

यसअघि जिल्ला प्रशासन कार्यालयले वडास्तरमा अभियानकै रुपमा बुद्धशान्ति गाउँपालिका, बाह्रदशी गाउँपालिका, झापा गाउँपालिका, भद्रपुर नगरपालिका र अर्जुनधारा नगरपालिकामा ७३ हजार सात सय ८१ जनालाई राष्ट्रिय परिचयपत्र वितरण गरिसकेको छ । अहिले मेचीनगर नगरपालिकामा वडास्तरमै अभियानको रुपमा राष्ट्रिय परिचयपत्र वितरण भइरहेको बाँस्तोलाले बताए । राष्ट्रिय परिचयपत्र वितरण गर्न बाँकी रहेका स्थानीय तहमा वितरण गर्ने तयारी भइरहेको जिल्ला प्रशासान कार्यालयले जनाएको छ । स्थानीय तहमा वितरण गर्दा फिर्ता आएका परिचयपत्र जिल्ला प्रशासन कार्यालयबाट वितरण भइरहेको छ । आगामी आर्थिक वर्ष २०८१/८२ देखि सामाजिक सुरक्षालगायत विभिन्न सरकारी सुविधा प्राप्त गर्नका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरेपछि देशभरका जिल्ला प्रशासन कार्यालमा सेवाग्राहीको चाप बढेको छ ।

# बाढीले पाँचवटा काठेपुल बगायो

झापा(प्रस) ।ताप्लेजुङमा तमोर नदीसहितका खोलामा लगाइएको अस्थायी काठेपुल बाढीले बगाउँदा यातायात सेवा अवरुद्ध बनेको छ। बुधबार रातभर परेको वर्षाका कारण तमोर नदी, शिसवा खोला र सिस्ने खोलाको विभिन्न पाँच ठाउँमा रहेको काठेपुल (गाडी गुड्ने काठको पुल) बाढीले बगाएपछि यातायात सेवा अवरुद्ध बनेको हो।

जिल्लाको फक्ताङ्लुङ गाउँपालिकास्थित तमोर नदीको छिरुवा र तापेथोक बगरमा लगाइएको अस्थायी काठेपुल बाढीले बगाएको छ। यस्तै तापेथोकस्थित शिसवा खोला तथा फुङ्लिङ नगरपालिका-१० फुरुम्बु र फक्ताङ्लुङ गाउँपालिका-३ लिङ्खिमको सिमाना भई बग्ने सिस्ने खोलामा रहेको दुईवटा काठेपुल बाढीले बगाएको छ।

उक्त पुलहरु बाढीले बगाएपछि फक्ताङ्लुङ गाउँपालिका-३ लिङ्खिम, वडा ४ इखाबु, वडा ५ तापेथोक, वडा ६ लेलेप र वडा ७ ओलाङ्चुङगोलामा यातायात सेवा पूर्णरुपमा अवरुद्ध भएको छ। फक्ताङ्लुङ गाउँपालिकाका अध्यक्ष राजन लिम्बू (मुक्ति) का अनुसार बाढीले काठेपुल बगाउँदा र ठाउँ-ठाउँको सडक खण्डमा पहिरो गएका कारण बिहीबार बिहानैदेखि



यातायात सेवा अवरुद्ध बनेको हो।

खाम्लुङको दोभान, सदरमुकाम फुङ्लिङ हुँदै फक्ताङ्लुङ गाउँपालिका प्रवेश गर्ने तमोर कोरिडोर र फुङ्लिङ, सुकेटार, फुरुम्बु हुँदै लिङ्खिम जोड्ने मेची राजमार्गमा यातायात सेवा अवरुद्ध भएको अध्यक्ष लिम्बूले जानकारी दिए । यस्तै विभिन्न वडामा रहेका ग्रामीण सडकहरु पनि अवरुद्ध भएको उनले बताए।

त्यस्तै मिक्वाखोला गाउँपालिका-१ खोक्लिङको शान्तिचौकस्थित भस्मेखोलामा आएको बाढी र वडा ३ लिबाङको चिहानडाँडामा पहिरो जाँदा भित्री सडकहरु अवरुद्ध बनेको प्रहरीले जनाएको छ। फुरुम्बु र लिङ्खिम जोड्ने सिस्ने खोलामा रहेको एक झोलुङ्गे पुलसमेत बाढीले बगाएको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका सूचना अधिकारी प्रहरी निरीक्षक कमलकुमार लुङ्गेलीले जानकारी दिए। प्रहरी निरीक्षक लुङ्गेलीका अनुसार जिल्लाभित्र बाढी पहिरोले पुऱ्याएको क्षतिको विवरण सङ्कलन काम भइरहेको छ।

यसैगरी शिसवा खोला र सिस्ने खोलामा आएको पहिरोसहितको बाढीले किसानले पालेका गाई र बङ्गुरसमेत बगाएको फक्ताङ्लुङ गाउँपालिकाले जनाएको छ। गाउँपालिका अध्यक्ष लिम्बूका अनुसार सिस्ने खोलामा आएको बाढीले सोही खोला दोभान तमोर किनारमा रहेको क्रसर उद्योगमा समेत क्षति पुगेको छ। बाढी पहिरोले किसानको अलैँची बाली, मकैबाली, खेतीयोग्य जमिन र रुख तथा बोट बिरुवा बगाएर क्षति पुऱ्याएको छ।

# संखुवासभामा पहिरोले तीन घर बगायो

झापा(प्रस) ।संखुवासभाको खाँदबारी नगरपालिका-११ आङ्लास्थित कोक्तिमा गाउँमा पहिरोले तीन घर बगाएको छ । बुधवार राति अबिरल वर्षासँगै गएको पहिरोले कोक्तिमा गाउँका तीन घर बगाएको छ भने एक जना घाइते भएका छन् ।

कोक्तिमा गाउँका मणिप्रसाद राई, रामप्रसाद राई र दिलबहादुर राईको घर पहिरोले बगाएको जिल्ला प्रहरी कार्यालयका निमित्त प्रहरी प्रमुख प्रहरी निरीक्षक रामकुमार लामिछानेले जानकारी दिए । पहिरोमा परेर मणिप्रसाद राई घाइते भएको उनले बताए । पहिरोले घर बगाएर विस्थापित भएपछि उनीहरु छिमेकीको घरमा आश्रय लिएर बसिरहेको निमित्त प्रहरी प्रमुख लामिछानेले बताए । उनका अनुसार पहिरोबाट जिल्लाका विभिन्न ठाउँमा नौ घर विस्थापित भएका छन् ।

खाँदबारी-४ सेकाहाका चार घर पहिरोबाट विस्थापित भएको वडा नं ४ का वडाध्यक्ष विनोद सुब्बा गुरुङले जानकारी दिए । चिचिला गाउँपालिकाको वडा नं १ र २ का पाँच घर पहिरोको उच्च जोखिममा परेको प्रहरीले जनाएको छ । जिल्लामा बाढी पहिरोले के-कति क्षति भयो भन्ने विवरण सङ्कलन भइरहेको प्रहरी निरीक्षक लामिछानेले बताए । पहिरोले उत्तर-दक्षिण कोशी सडकमा समेत क्षति पुगेको छ ।

कालोपत्र गर्न ठिक्क पारिएको चार किलोमिटर सडकमा क्षति पुगेको उत्तरदक्षिण कोशी सडक आयोजनाले जनाएको छ । यो कोशी राजमार्गअन्तर्गत खाँदबारी किमाथाङ्का सडक खण्डमा पर्दछ । निरन्तरको वर्षाका कारण मकालु गाउँपालिकाको नुममा पहिरो गएपछि सडक अवरुद्ध भएको छ । पहिरोका कारण करिब रु एक करोडको क्षति भएको सडक कार्यालयले जनाएको छ ।

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको**

**१५ दिने सूचना**

सधियार पश्चिमः श्री मेदनी प्रसाद प्रसाईको नाममा जारी गरिएको ।

साविक चारपाने गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. १ बस्ने श्री तरानाथ फुयाँलले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाणपत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा १ | - | १०१ ९५ | ११०. ०५ | २०८०/ ०८ /२० | २०८०/ ०८/१७ | २०८१/ ०२/०६ |

**जनहितमा जारी सूचना**

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पत्ति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

**बिर्तामोड नगरपालिका**
बिर्तामोड, झापा, कोशी प्रदेश

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# झारा नटारियोस्

सहकारी संस्था बचत रकम संसदीय छानबिन विशेष समितिले औपचारिकरूपमा आफ्नो काम सुरु गरेको छ। बुधबार संसद भवन नयाँ बानेश्वरमा पहिलो बैठक बसेर समिति कार्य प्रारम्भ गरेको हो। पहिलो बैठकले समितिको आन्तरिक कार्यविधिको मस्यौदा तयार गर्न सचिवालयलाई जिम्मा दिएको छ ।

सभामुख देवराज घिमिरेको उपस्थितिमा बसेको बैठकमा समितिको कामलाई अघि बढाउने बिषयमा छलफल भएको छ । तीन महिनाको अवधिभित्रै समितिले गर्नुपर्ने कामलाई व्यवस्थित गर्दै अघि बढ्ने योजना छ।

संयोजक सूर्य थापाले दुई दिनभित्र कार्यविधि पारित गर्ने भन्दै समितिको कार्याविधि, कार्यक्षेत्रलगायत विषयमा कुनै विवाद नरहेको जिकिर गरे।

सहकारी संस्थाको बचत रकम हिनामिना गरेको विषयमा छानबिन गर्नका लागि जेठ १५ मा संसदीय विशेष समिति गठन गरिएको थियो । समितिमा एमालेकी सरिता भुसाल, कांग्रेसका ईश्वरी न्यौपाने र बद्री पाण्डे, माओवादीका लेखनाथ दाहाल, रास्वपाका शिशिर खनाल र राप्रपाका ध्रुवबहादुर प्रधान सदस्य रहेका छन् ।

समितिले आगामी शुक्रबार आन्तरिक कार्यविधि र कार्ययोजनाको मस्यौदा पेस गर्न समिति सचिवालयलाई भनेको छ । नयाँ बानेश्वरस्थित संघीय संसद् भवनमा बसेको समितिको पहिलो बैठकले दुई दिनभित्रमा समितिको आन्तरिक कार्यविधि र कार्ययोजनाको मस्यौदा तयार गर्न समिति सचिवालयलाई भनेको हो ।

समितिको पहिलो बैठकमा सभामुख घिमिरेले प्रतिनिधिसभाबाट पारित समितिको कार्यादेश, राजनीतिक दलहरूका बीचमा भएको सहमति, कार्यक्षेत्र र अनुसूचीमा समावेश भएका सहकारीको नामावलीसहितको दस्तावेज समिति सभापति सूर्य थापालाई हस्तान्तरण गरेका थिए ।

समितिलाई संसद्ले तीन महिनाभित्र छानबिनको कार्य सम्पन्न गर्न सीमा दिएको छ । तीन महिनाभित्रै काम सम्पन्न गर्नका लागि समितिले रातदिन नभनी काम गर्ने जनाएको छ । कार्यादेशको मातहतमा बसेर समयभित्रै काम पूरा गर्नेसमेत जनाइएको छ । समितिले सहकारी ठगहरूलाई कारबाहीको सिफारिस, सहकारी पीडितहरूलाई न्याय निरुपण गर्नका लागि सिफारिस गर्न सक्नु पर्छ । चाहे उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने नै किन नहोस् । समितिले निष्पक्ष र निडर भएर काम गर्न सकोस् । उही सहकारीपीडित र विपक्षी कांग्रेसको आन्दोलन मत्थर पार्नेगरी समितिको काम कार्वाही झारा टार्ने खालको नहोस् ।


Pratidin National Daily प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com


# संघीयता, लोकतन्त्र र बहुलवाद



• श्यामप्रसाद मैनाली

संघीयताले जनतालाई मालिक बनाउँछ । सरकारको उपस्थिति जनताको घरदैलोमा हुने गर्छ । समान अधिकार र सामाजिक न्यायका पक्षमा अभिमुख हुन्छ । आफ्नो भविष्यका बारेमा जनता आफैँले निर्णय लिने गर्छन् । पारदर्शिता र जवाफदेहिताको व्यवहारबाटै प्रत्याभूति दिइन्छ । त्यसैले त संघीयतालाई उत्कृष्ट राजनीतिक व्यवस्थाका रूपमा मान्यता दिने गरिएको छ । यस्तो उत्कृष्ट व्यवस्थाले देशका सबै वर्ग, जात, जाति, धर्म, क्षेत्र सबैलाई न्यायोचित रूपमा सम्बोधन गर्छ/गर्नु पर्छ । यो व्यवस्थामा निरङ्कुशता र प्रजातान्त्रिक मूल्यमान्यता विपरीत कुनै पनि कामको कल्पना गरिन्न ।

संघीयतामा देश प्रवेश गरिसकेपछि नयाँ मुलुकी संरचनासहित नेपाली नागरिकलाई उनीहरूको नयाँ संविधान प्राप्त गर्ने अधिकार सुनिश्चित गर्दै नेपालको संविधान (२०७२) जारी भएको हो । बहुलवाद वा बहुलवादबिनाको लोकतन्त्र, राष्ट्रपतीय वा प्रधानमन्त्रीय शासन व्यवस्था कुन उपयुक्त हुने भन्ने विषयको निर्क्योल भइसकेको छ । बहुलवादले राष्ट्रिय स्वतन्त्रता, राष्ट्रिय अखण्डतालाई संरक्षण गर्दै विभिन्न जात, धर्मलगायतका विविधतामा अभ्यस्त नागरिकलाई निजहरूको पहिचान प्रदान गर्दै सम्मानित भएर बाँच्न पाउने अवसर प्रदान गर्छ । कुनै १ वर्ग वा समूहको हितका लागि अर्को वर्गलाई कुनै नकारात्मक असर पार्ने काम स्वीकार गर्दैन । यसमा बहुमतले अल्पमतमाथि गरिने एकछत्त शासन अस्वीकार गर्छ । प्रत्येक वर्ग वा समूहको सांस्कृतिक अस्तित्वलाई सम्मान गर्दै संरक्षण र सुदृढ गर्ने लक्ष्य राख्छ । स्वतन्त्रता र सार्वभौमिकताको संरक्षण गर्छ । बहुदलीय लोकतान्त्रिक व्यवस्थामा मात्र बहुलवादले सफलता प्राप्त गर्छ । बहुदलीय व्यवस्थामा प्रचलनमा ल्याइएको समानुपातिक निर्वाचन प्रणालीबाट साना/साना समूहहरूको प्रतिनिधित्व सम्भव हुन्छ । प्रत्येक वर्ग र समूहले आफ्नो भलाइका लागि सङ्गठित हुने अवसर प्राप्त गर्छन् । राज्यको विभेदकारी नीतिका विरुद्ध दह्रो उपस्थिति स्थापित गरी कमजोर र सीमान्तकृत समूहलाई अघि बढाउन संस्थागत र संरचनागत व्यवस्थापन गरिएको हुन्छ । सामाजिक न्याय, समानता र समन्वयको पक्षमा काम गर्छ । देशले राजनीतिक सङ्कटको सामना गरिरहेको समयमा राष्ट्र कमजोर हुन्छ । यस्तो परिस्थितिमा सामाजिक संघ संस्था, विभिन्न वर्गीय र व्यावसायिक सङ्गठन क्रियाशील भई लोकतन्त्र र राष्ट्रियताको पक्षमा उभिन पुग्छन् । बहुलवादले एकतन्त्रीय शासनसँग कहिले पनि सम्झौता गर्दैन । तसर्थ, बहुलवाद पूर्ण लोकतान्त्रिक व्यवस्था हो र यसैमा मात्र पूर्ण सुशासनको आशा एवं विश्वास गर्न सकिन्छ ।

नेपाल धर्म, संस्कृति, भाषा, क्षेत्र, जातजाति सबै दृष्टिले विविधतायुक्त मुलुक हो । यहाँ थोरै जातजाति र वर्गले मात्र लामो समयदेखि सुविधा भोग गरिआएका छन् । सुविधाभोगी भनिएका वर्ग र जातिभित्र पनि कमजोर र पिछडिएका समूह पाइएका छन् । बिनाभेदभाव यी सबै कमजोर वर्गलाई अघि बढाउनु, यिनीहरूलाई पूर्ण स्वतन्त्रता, अधिकार, आर्थिक अवसर प्रदान गर्ने नीति राज्यले अवलम्बन गर्नु पर्छ । यी सबै कमजोर वर्गहरूको उत्थानका लागि सकारात्मक विभेद जस्ता प्रभावकारी कार्यक्रम कार्यान्वयनका साथै सङ्गठित भई अघि बढ्ने वातावरण राज्यले सृजन गरिदिनु पर्छ । यी विषयमा पर्याप्त ध्यान दिई अघि बढ्न उदार प्रजातन्त्रमा मात्र सम्भव हुन्छ ।

संविधान निर्माणका क्रममा भएका छलफलमा बहुलवादको पक्ष र विपक्षमा नेपाली राजनीति विभक्त भएको पाइएको थियो । बहुलवादले सधैँ पुँजीवादको संरक्षण गर्छ । यसले व्यावसायिक र व्यापारिक घरानालाई मात्र मद्दत पुऱ्याउँछ । सरकारमा रहेका प्रभावशाली व्यक्तित्वलाई पुँजीपति दलालहरूले प्रभावमा पारी आफ्नो पक्षमा निर्णय गराउँछन् । सधैँ दबाब समूहको आधारमा निर्णय लिने गरिन्छ । राष्ट्रिय नीति, योजना पनि पूर्वाग्रही हिसाबले तर्जुमा गरिने गरिन्छ । हुँदा खाने र हुने खानेका बिच खाडल बढ्दै जान्छ । तसर्थ, केन्द्रलाई बलियो बनाई राजनीतिक, आर्थिक र सामाजिक उत्तरदायित्व राज्यले नै लिनु पर्छ । सबै वर्ग र समूहलाई आजादी प्रदान गर्दै जाँदा राष्ट्रले नियन्त्रण गुमाउँछ । दबाब समूहहरूले आफ्नो इसारामा देश परिचालन गर्छन्, जुन देशवासीहरूको हितमा हुँदैन भन्ने मान्यता बहुलवादका विरुद्ध रहेका राजनीतिक दलहरूमा रहेको पाइन्छ ।

नेपालको राजनीति लोकतन्त्रवादी र साम्यवादी गरी दुई खेमामा ध्रुवीकृत भएको छ । लोकतन्त्रमा विश्वास राख्नेहरू आर्थिक उदारीकरण, खुला बजारमुखी अर्थतन्त्र, संघ/सङ्गठन खोल्न पाइने गरी पेसागत समूहलाई स्वतन्त्रता प्रदान, मानव अधिकारको पूर्ण प्रत्याभूति, बहुलवादसहितको लोकतन्त्रको हिमायतीका रूपमा देखिएका छन् । विचार एवं अभिव्यक्ति स्वतन्त्रता र सङ्गठन गर्न पाउने अधिकारका आधारमा सबै समूह र वर्गको आवाजको उपयुक्त सम्बोधन राज्यले गर्नैपर्ने संयन्त्र निर्माणका पक्षमा लोकतन्त्रवादी देखिन्छन् । यिनीहरूले समाजवादलाई अवलम्बन गर्दै अघि बढ्ने लक्ष्य राखेका छन् । अर्को पक्ष छ, साम्यवादका माध्यमबाट जनतान्त्रिक व्यवस्था अवलम्बन गर्ने । सिद्धान्ततः यो समूह पनि लोकतन्त्रमा नै विश्वास राख्ने उद्घोष गर्छ तर व्यवहारमा बहुलवाद स्वीकार गर्दैन । संघीयतालाई मूल मुद्दाका रूपमा लिएको छ र संघीयताबाटै कमजोर वर्गको उत्थान सम्भव देख्छ । प्रजातन्त्रको उत्कृष्ट नमुनाका रूपमा रहेको संघीयता केन्द्रीकृत शासनमा सुदृढ हुने कल्पना गर्छ । प्रधानमन्त्रीय प्रणालीभन्दा राष्ट्रपतीय प्रणालीले राजनीतिक स्थिरता प्रदान गर्ने हुँदा उपयुक्त देख्छ । सबै विषयमा एकछत्त राज्यको नियन्त्रणमा विश्वास राख्दै आएको छ । एक सर्वोच्च पदाधिकारीको निर्णयमा देशका सबै नीति तर्जुमा हुन्छन्, महत्वपूर्ण निर्णय हुने गर्छन्, यस्तो एकल निर्णय छिटो छरितो र सुगम हुने तर्क दिइने गरिन्छ ।

देशका सबै राजनीतिक दल सिद्धान्ततः लोकतन्त्रप्रति प्रतिबद्ध देखिएका छन् । संघीयता यही लोकतन्त्रको उत्कृष्ट नमुनाको रूपमा स्वीकार गर्ने हो भने निश्चय पनि यसका मौलिक विशेषता भनेकै सबै धर्म, जात, क्षेत्र, वर्गबिच समानता कायम गरी सम्मानका साथ राज्यका सम्पूर्ण क्रियाकलापमा मूलप्रवाहीकरण गर्नु हो । सरकार र संसद् लाई जनताप्रति पूर्ण जवाफदेही बनाउनु हो । संघीयतामा कुनै पनि व्यक्तिले कसैको शासन स्वीकार गर्दैन । सरकारबाट शासन होइन सेवाको अपेक्षा गर्छ । व्यवहारमा जनतालाई मौलिक र सार्वभौम बनाउने दिशामा अघि बढेको हुन्छ । यस्ता महत्वपूर्ण विशेषताको संवर्धन केन्द्रीय शासनबाट सम्भव देखिँदैन । तसर्थ, हामीले चाहेको लोकतन्त्र, हाम्रो प्रतिबद्धता लोकतन्त्र, गणतन्त्र र संघीयतामा नै हो भने संघीयताका मौलिक विशेषताको कसीमा एकतन्त्रवाद वा बहुलवादलाई परीक्षण गरिनु जरुरी हुन्छ । अन्यथा, हाम्रो इमानदारी देशप्रति भएको विषयमा प्रश्नचिह्न खडा हुने छ ।

दोस्रो पक्ष हो, अन्तर्राष्ट्रिय अनुभवबाट हामीले सिक्नुपर्ने हुन्छ । सन् १९३६ मा सोभियत संघले संघीयतालाई स्वीकार गरी कार्यान्वयनमा ल्यायो । बहुलवादबिनाको केन्द्रीय शासन एकतन्त्रीय हिसाबले कार्यान्वयनमा अघि बढ्यो । संघीयताको आधारभूत मान्यताविपरीत लादिएको संघीयताले जनतालाई चित्त बुझाउन सकेन । परिणामस्वरूप सोभियत संघ विघटन भयो । युगोस्लाभिया पनि लोकतान्त्रिक मूल्य र मान्यता अनुकूल अघि बढ्न नसक्दा विघटन भई आफ्नो अस्तित्व लोप हुने स्थितिबाट गुज्रिराखेको छ । यसैगरी संघीयता अङ्गीकार गर्ने तर लोकतन्त्रलाई तिरस्कार गरेकै कारण ५० वर्षको संघीयता पनि मेक्सिकोमा असफल भएको छ । साम्यवादी मुलुकमा कुनै क्षेत्र विशेषलाई पूर्ण लोकतन्त्र प्रदान गर्दा संघीयताका मौलिक विशेषता अनुसार अघि बढिराखेको उदाहरण पनि देखिएका छन् । छिमेकी देश चीनले हङकङ र मकाउमा पूर्ण स्वतन्त्रता प्रदान गरेको छ । साम्यवादी (केन्द्र शासित र एकतन्त्रीय शासन) विशेषता उक्त क्षेत्रमा देखिँदैन । पूर्ण लोकतन्त्रको अभ्यास भइराखेको छ । ती क्षेत्रहरूले राम्रो प्रगति गरेका छन् । जनता सुखी छन्, सन्तुष्ट छन्, एसियाकै आकर्षण बनेका छन् । साम्यवादी मुलुक विश्व आकर्षणको थलो बन्न सकिराखेका छैनन् । देश केन्द्रीकृत भयो, सबैलाई समेटी अघि बढ्न सकेन भने साम्यवादी विशेषता विद्यमान हुँदै जाने देखिन्छ । तसर्थ, साम्यवादी व्यवस्थामा संघीयता कुन हदसम्म अघि बढ्न सक्छ भन्ने विषय पेचिलो र विश्लेषणसहित घनीभूत छलफलको विषय बनेको छ ।

विश्व नै उदारीकरण र लोकतन्त्रको पक्षमा देखिएको छ । नेपाल मात्र एक्काइसौँ शताब्दीमा भूमण्डलीय हिसाबले पृथक् रहन सक्दैन । प्रजातन्त्रप्रति देशले प्रतिबद्धता व्यक्त गरिसकेको छ । प्रजातन्त्र देशवासीका लागि हुनु पर्छ, सीमित व्यक्तिका लागि होइन । साम्यवादी मुलुकहरू बिस्तारै उदारीकरणतर्फ आकर्षित हुँदै गएका छन्, हाम्रो देशमा लामो समयसम्म भएको विद्रोह गरिब जनताका भलाइका लागि अवलम्बन गरिनुपर्ने नीति एवं कार्यक्रमको जगमा भएको थियो । सामाजिक रीतिथिति सुधारका लागि लोकतन्त्र अपरिहार्य भएको छ । किनकि, यसमा मानव अधिकार र कानुनी शासनको प्रत्याभूति भएको हुन्छ । सबल नेपाल, सुदृढ नेपाल प्रजातन्त्रको भरपुर अभ्यासमा मात्र सम्भव देखिन्छ । प्रजातन्त्र अघि बढ्न आम जनसमर्थन आवश्यक हुन्छ । जनसमर्थनको अपेक्षा उनीहरूलाई अधिकार सम्पन्न स्वतन्त्र र सङ्गठित तुल्याउँदा मात्र सम्भव हुने गर्छ । जनताका बिच एकता र सद्भावनाको विकास लोकतन्त्रमा सम्भव हुन्छ । यस्तो अवस्था जनताले आफ्ना समस्याको समाधान गर्न आफैँ पहलकदमी लिने साहस गर्न सक्दा मात्र देखिने गर्छ । यी सबै परिवेशलाई दृष्टिगत गरी राष्ट्रिय स्वार्थलाई सर्वोपरि राखी सबै दल एकताबद्ध भई अघि बढ्नु जरुरी छ । यसका लागि बहुलवादलाई स्वीकार गरी एकतन्त्रीय सोचले मुक्ति पाउनु पर्छ ।

# रूपान्तरणमा साना किसान कार्यक्रम



• खेमबहादुर पाठक

समाज परिवर्तनशील हुन्छ । समाजको संरचनाले व्यक्ति, परिवार, टोल, समुदाय, जातजाति, धर्म, लिङ्ग, विभिन्न आर्थिक सङ्गठन, गैरनाफामूलक सामाजिक संस्था आदि सबैलाई समेटेको हुन्छ । समाजका यी सबै एकाइमा कुनै पनि सकारात्मक परिवर्तन आयो भने त्यो नै सामाजिक रूपान्तरण या परिवर्तन हो । परिवर्तनको गति समाजको स्वरूप, भूगोल, शिक्षा, सचेतना र समृद्धिका लागि गरिएका क्रियाकलापमा निर्भर हुन्छ । मानवीय सम्बन्धहरूको सञ्जाल र मानिसले सिर्जना गरेका पारस्परिक लाभका आधारलाई हरेक पक्षबाट बलियो बनाउनु नै सामाजिक रूपान्तरण हो ।

साना किसान विकास अभियानले साना किसान कृषि सहकारी संस्थामार्फत नेपालका गरिब किसानको सामाजिक र आर्थिक रूपान्तरणमा हस्तक्षेपकारी भूमिका निर्वाह गरिरहेका छ । २०३२ सालमा नुवाकोटको तुप्चे र धनुषाको महेन्द्रनगरमा सुरु भएको साना किसान विकास कार्यक्रमले आर्थिक वर्ष २०७८/७९ को अन्त्यसम्ममा नेपाल भरिका ५४५ स्थानीय निकायका एक लाख ४७ हजार ४२१ जनालाई प्रत्यक्ष रोजगारी दिइरहेको छ । त्यसैगरी यस कार्यक्रमले ७७ जिल्लाका १० लाखभन्दा बढी घरधुरीलाई समेट्न सफल भएको छ, जसमा महिला सहभागिता ७९ प्रतिशत रहेको छ । अझ मधेशका महिला जो घुम्टो प्रथा, छुवाछुत, बोक्सी आदि अन्धविश्वासको दुश्चक्रमा फसिरहेका छन्, उनीहरूलाई यो कार्यक्रमले प्राथमिकताका साथ समेटेको छ । मधेशको सामाजिक रूपान्तरणका लागि यो सुखद विषय हो ।

मधेशका महिला छुवाछुत, दाइजो, घुम्टो आदि प्रथाबाट पीडित छन् । दलित भनेर कतिपय महिला हिंसाको सिकार भइरहेका छन् । कतिपयले बोक्सीको आरोपमा अत्याचार भोगिरहनु परेको छ । साना किसान कार्यक्रमले त्यस्ता महिलालाई सदस्य बनाएर उनीहरूको जीविकोपार्जनमा सुधार ल्याउने र सामाजिक जीवन सरल, सहज र प्रतिष्ठित बनाएको छ । जीवनस्तर उकास्ने र सामाजिक आर्थिक मूलधारमा ल्याउँदै उनीहरूको नेतृत्व विकासमा सहयोग गरिरहेको छ । कतिसम्म भने हिजो दलित भएकै कारण अपहेलना, भेदभाव र हिंसा भोगेका महिला संविधान सभा सदस्य बने ।

सिरहाकी दलित महिला रामरति देवीराम दलित भएकै कारण अरूले प्रयोग गर्ने बाटो प्रयोग गर्न पाउनु हुन्नथ्यो, धारो छुन पाउनु हुन्नथ्यो । पानी छोइदिएकै कारण कुटाइ खानु परेको थियो, जसको दाग आज पनि उहाँको अनुहारमा देखिन्छ । साना किसान कृषि सहकारी संस्थामा आबद्ध भएपछि उहाँमा नेतृत्व क्षमता विकास भयो । संविधान सभाको निर्वाचनमा उहाँ सिराहाबाट संविधान सभा सदस्य बन्नुभयो । यसरी अल्पसंख्यक र सामाजिक कुरीतिबाट प्रताडित मधेशका महिलालाई यो स्तरमा पुऱ्याउने काम साना किसान अभियानले गरेको छ ।

साना किसान अभियानमा नेपालका तराई, पहाड र हिमालका हरेक जिल्ला समेटिएका छन्, हरेक भाषा, जातजाति, धर्म, वर्ग, लिङ्ग, अल्पसंख्यक र सीमान्तकृत समेटिएका छन् । विशेष गरी तराईका भूभागमा रहेका दलित, सुकुमवासी र अल्पसंख्यकको आर्थिक सशक्तीकरण, गरिबी न्यूनीकरण, महिला विकास र कृषिको रूपान्तरण गर्दै मधेशका ग्रामीण बस्तीहरूमा सुधारात्मक आभास दिन यो अभियान सफल देखिएको छ ।

सदियौँदेखि मधेशलाई आक्रान्त बनाएको बालविवाह, दाइजो प्रथा, महिलामाथि हुने घरेलु हिंसा र अन्य समस्या न्यूनीकरण गर्न यस अभियानले भूमिका खेलेको छ । साना किसान कृषि सहकारी संस्थाले आफ्ना सदस्यलाई विभिन्न किसिमका साक्षरतासम्बन्धी तालिम पनि प्रदान गर्दै आएको छ ।

साना किसान अभियानको महत्वपूर्ण अङ्ग नेपाल कृषि सहकारी केन्द्रीय संघले मधेश प्रदेशमा सदस्यलाई पर्ने विभिन्न समस्यामा निरन्तर क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने गर्छ । मधेशमा सम्बन्धविच्छेद, पैतृक सम्पत्ति, सम्पत्तिको स्वामित्व र न्यायमा पहुँच जस्ता क्षेत्रमा महिलाको समान अधिकारको पहुँचको अवस्था तुलनात्मक रूपमा नाजुक रहेको छ । यस्ता खालका भेदभावबाट सदस्य मुक्त नहुँदासम्म उनीहरू सामाजिक आर्थिक रूपले सक्षम हुन् सक्दैनन् । सदस्य कमजोर भएको संस्था आफैँमा कमजोर हुन्छ । कमजोर संस्थाले आशातीत उद्देश्य हासिल गर्न सक्दैन । तसर्थ, मधेशमा नेपाल कृषि सहकारी केन्द्रीय संघले सञ्चालन गर्ने कार्यक्रममा संविधान र कानुनद्वारा प्रदत्त सदस्यका अधिकारको संरक्षण गर्न, उनीहरूको हितमा बहस र पैरवी गर्न साना किसान कृषि सहकारी संस्थाका सञ्चालक, कर्मचारी र अन्य सरोकारवालालाई प्रत्यक्ष र अप्रत्यक्ष निरन्तर अभिप्रेरित गर्दै आइरहेको छ ।

मधेशलाई विकासको अग्रगामी र सुधारात्मक दिशा दिन राज्यले जुन गतिमा कार्यक्रम र योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन सकेको पाइँदैन तर साना किसान विकास कार्यक्रमले राज्यको आँखा नपरेका सूक्ष्म सवालमा आफ्नो उपस्थिति बलियो बनाएको छ । यस कार्यक्रममा डोम, चमार, बनकरिया, मुसहर, दरै, चेपाङ, थामी, कुसुन्डा र राउटे जस्ता अति विपन्न र पिछडिएकालाई प्राथमिकतामा राखेर क्रियाकलाप सञ्चालन गर्ने गर्छ ।

विशेष गरी मधेशमा रहेका मुसहर, चमार, डोम जस्ता अल्पसंख्यकलाई साना किसान कृषि सहकारी संस्थामार्फत आयमूलक क्रियाकलापमा समावेश गराउँदै उनीहरूको जीविकोपार्जनमा सुधार ल्याउनका लागि भूमिका खेलिरहेको छ । समाजमा दुई किसिमका गरिब हुन्छन् । एउटा आर्थिक रूपले गरिब र अर्को सामाजिक रूपले गरिब । यी दुवै किसिमका गरिबीबाट मधेशका जनतालाई उकास्नका लागि यो कार्यक्रम महत्वपूर्ण औजार बन्न सफल भएको छ । महिला स्वास्थ्य शिविर, महिला जागरण अभियान जस्ता कार्यक्रम पनि सञ्चालन भइरहेका छन् ।

मधेशमा महिला विकासको कार्यक्रमका रूपमा साना किसान कार्यक्रमलाई त्यहाँको समुदायले स्वीकार गरेको देखिन्छ । मधेश प्रदेशमा अधिकांश साना किसान कृषि सहकारी संस्था महिलाले नै चलाएका छन् । महिला नै सञ्चालक, कर्मचारी, सदस्य रहेका छन् । महिलाले नै उद्योग सञ्चालन गरेका छन् । महिला आफैँले उपभोग्य वस्तु उत्पादन गर्ने गर्छन् र बिक्री वितरण गर्ने गर्छन् ।

सामाजिक आर्थिक रूपले पछाडि परेका अल्पसंख्यकका लागि वित्तीय पहुँचको भरपर्दो सहारा बनेको छ साना किसान कार्यक्रम किनभने यसले आफ्ना सदस्यलाई बचत गर्ने बानीको विकास गराएको छ । ऋणको सदुपयोग गर्न सिकाएको छ । स्थानीय समुदायलाई एउटा भावना, पद्धति, समूह र सूत्रमा आबद्ध गराएर जनसहभागितामा आधारित सामुदायिक विकास गर्ने काममा सहयोग गरेको छ ।

साना किसान कृषि सहकारी संस्थाले साना किसानलाई तरकारी खेती गर्न, पशु पालन गर्न तथा बाली संरक्षण गर्नका लागि सुलभ तथा सहुलियतपूर्ण कर्जा प्रवाह गर्दै आइरहेको छ । आफ्ना सदस्यलाई उद्यमशील बनाउन र स्थानीयस्तरमै रोजगारी सिर्जना गर्नका लागि लघु उद्यम कर्जा, ग्रामीण उद्यम कर्जा, स्वावलम्बन कर्जा जस्ता कर्जा प्रवाह गर्दै आइरहेको छ । साथै कृषि औजार खरिद गर्नका लागि कर्जा सुलभ कर्जा, सदस्यको शैक्षिकस्तर उकास्नका लागि विभिन्न शैक्षिक कर्जा पनि प्रदान गर्दै आइरहेको छ । पछिल्लो समयमा वैदेशिक रोजगारीमा बढ्दो लहर र त्यसबाट सदस्यलाई पर्ने ऋणको भार तथा विदेश जान लिने ऋणको कारण मिटरब्याजीको फन्दामा पर्न सक्ने जोखिमलाई ध्यान दिँदै वैदेशिक रोजगार कर्जा (सुनौलो भविष्य कर्जा) प्रदान गर्ने गरेको छ । त्यसैगरी विदेशमा सिकेको सिप नेपालमा उपयोग गर्न प्रोत्साहन गर्नका लागि र युवा सदस्यलाई विदेशबाट फर्केपछि नेपालमै उद्यम गर्न, आत्मनिर्भर बन्न प्रोत्साहन गर्नका लागि समृद्धि कर्जा प्रदान गर्ने गर्छ ।

स्थानीय बजार व्यवस्थापनका लागि साना किसान कृषि सहकारी संस्थाले मधेशमा उत्पादन हुने कृषि उपज, जस्तै धान, मकै, गहुँ, दलहन, तरकारी र फलफूल आदिको सङ्कलन, भण्डारण र खरिदबिक्री गरी किसानलाई आवश्यक सेवा प्रदान गर्दै आइरहेको छ ।

साना किसान कार्यक्रमले मधेशका महिला, अल्पसंख्यक, दलित र सीमान्तकृत वर्गको सामाजिक र आर्थिक रूपान्तरणका लागि नेपाल सरकार, राष्ट्रिय र अन्तर्राष्ट्रिय दातृ निकाय, विभिन्न गैरसरकारी संघ संस्थासँग निरन्तर समन्वय र सहकार्य गर्दै आइरहेको छ । यसले मधेशमा दिगो विकास लक्ष्य प्राप्तिका लागि क्षमता अभिवृद्धि, नेतृत्व विकास, सदस्यको आर्थिक सशक्तीकरण, उद्यमशीलाताको विकास गर्नका लागि उपयुक्त वातावरण तयार गर्न पनि सहज भएको छ । मधेशमा पिछडिएका महिला, विपन्न र सीमान्तकृत समुदायसम्म वित्तीय र गैरवित्तीय सेवाको पहुँच विस्तार गरी समुदायको सामाजिक रूपान्तरण र आर्थिक समृद्धिको अवसर सिर्जना गरेको छ ।

# साँस्कृतिक विविधता नेपालको चिनारी



• इन्द्रप्रसाद ओली

साँस्कृतिक विविधता भन्नु नै विविध भाषा, कला, साहित्य, परम्परा ,चालचलन मूल्य, मान्यता, चाडपर्व तथा संस्कारको अस्तित्व, स्वीकारोक्ती, मान्यता एवम् सम्मानको अवस्था हो । समाजका हरेक सदस्यहरूको व्यक्तिगत निहित ज्ञान, विश्वास,कला नैतिकता, कानून चलिआएको प्रथा परम्परा क्षमता र व्यवहारको अभ्यासको समष्टिगत रुप नै संस्कृति हो । यो भूगोलका आधारमा धर्म सम्प्रदायका आधारमा राज्यको मौलिक पहिचानका आधारमा यी अडेका हुन्छन् । यीभित्र धेरै विविधता छन् । यी सबै एक अर्कामा सम्मानित छन् । एकले अर्काको अस्तित्व स्वीकार गर्दछन्, जसरी एउटा फूलबारीमा एकै प्रकारका फूल रहेमा खासै सुन्दरता प्रकट हुँदैन त्यसैगरी एकल समाज वा एक प्रकारको मात्र परम्परा एवम् संस्कृति रहेमा त्यहाँ जति विविधता भएको संस्कारमा प्राप्त हुने शौलि ज्ञान त्यहाँ प्राप्त नहुन सक्छ । विविध र फरक-फरक संस्कृतिको उपस्थिति र सह-अस्तित्व समान आकांक्षा तथा फरक काम दृष्टिकोणको व्यवस्थापन गर्ने क्षमतालाई नै साँस्कृतिक विविधता भनिन्छ । त्यही भएर आज नेपाल विश्वमा संस्कार-संस्कृति, भाषा-भाषी, भेष-भूषा, रहन-सहन, दृष्टिकोण, ज्ञान, परम्परा, कलामा धनी छौ, परिचित छौ हामी गौरवान्वित छौ । तर नेपाली समाज र संस्कृतिमा विषयमा गम्भीर र गहिरो अध्ययन अझै पनि राम्रो हुन सकेको छैन । किनकि विविधता र एकताले नै नेपाल बनेको हो । नेपाल बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक रुपमा रहेका छौँ। यी विविधताको संगमले नेपाली भएका हौँ भन्ने कुरा अझै पनि सही विश्लेषणका साथ आत्मसात् हुन सकेको छैन । हामी हाम्रा विविध संस्कृति र चिन्तनका बीच सहिष्णु, उदार र गुणग्राही रहँदै आएका छौं । यदि त्यसो नगरिएको भए यो विविधता नै रहने थिएन, आजका दिनसम्म निरन्तरता विभिन्न साँस्कृतिक धाराहरूको समिश्रण एवम् विविधतामा एकता अनेकतामा एकता रहेका कारण नै विश्वमा १७ वटा देश मात्र अस्तित्वमा रहेका समयमा पनि नेपाल अस्तित्वमा रहेको प्राचीन देश हो नेपालको ज्ञान परम्पराको सवल पक्ष नै विविधतालाई स्वीकार्नु र मान्यता दिनु नै हो ।

वसुधैव कुटुम्वकम्को मूल्य मान्यतामा रहेका प्रकृति पुजकदेखि हिन्दु,बौद्ध, किरात, जैन शिख, मुस्लिम र इसाईलगायतका विभिन्न सम्प्रदाय एवम् दर्शन, सिद्धान्तमा आस्था राख्ने आस्तिक, नास्तिक अर्थात, भौतिकवादी एवम् आदि भौतिकआदि दैविक,आदि आध्यात्मिक सबै विचारका अनुयायीहरू एक आपसमा मिलेर भाइचारामा रहेको देश नेपाल हो ।

यदि साँच्चै तटस्थ भएर अध्ययन विश्लेषण र विचार गर्ने हो भने नेपाल संस्कृतिको विविधतालाई स्वीकार गरी अघि बढेमा स्वीकार गरेमा आतंकवाद र कट्टरतावादको रक्तरन्जितमा रहेका देशहरु पनि मुक्त हुनेछन् । जुन शक्तिशाली राष्ट्रहरूको अहम्ता समेत समाप्त हुने छ र परस्पर सहयोग, समानता, न्याय तथा विश्व बन्धुत्वको भावना रही अन्याश्रित व्यवस्थाको भावनालाई अंगिकार गर्ने छन् ।

हाम्रो .पूर्वीय प्राचीन संस्कृतिमा पनि तीन रुपमा समिश्रण गरेको पाइन्छ । पहिलो हो श्रमण, दोस्रो समिश्रण र तेस्रो समन ।

१) श्रमणको खास अर्थ हो, श्रम अर्थात परिश्रम गर्नु,श्रमशील हुनु । यसले मानिसको भाग्य विधाता कोही अरु छैन हुँदैन र त्यो मानिस स्वयम् हो भन्ने मान्यता परम्परालाई प्रकट गर्दछ । त्यही भएर मानिसले आफ्नो विकास श्रमको भरमा गर्दछ । सुखःदुख दुवैको कर्ता-धर्ता हो भनी आफूलाई सम्हाली अगाडी बढ्दछ ।

२) समिश्रणको अर्थ होः- परम्परा समताको भाव राख्नु र सबैलाई आफूजस्तै सम्झनु, सबैसंग आफूलाई जस्तै आचरण र व्यवहार गर्नु, समाजका प्रत्येक सदस्यलाई समान मान्नु कुनैलाई श्रेष्ठ र कुनैलाई अश्रेष्ठ या निच नठान्नु, जाति वर्ण व्यवस्थालाई गलत अर्थ लगाई छुवाछुत, उच-निच जस्ता प्रवृत्ति नगर्नु । सबै मानव एकै हुन भनी प्रेम गर्नु, प्राणीमाथि सद्भाव राख्नु प्रकृतिको संरक्षण गर्नु हो ।

३)शमनको अर्थ होः-आफ्ना प्रवृत्तिहरूलाई संयमित तुल्याउनु, परिग्रहको सीमालाई निर्धारण गर्नु, अर्थात कोही कसैमाथि हावी हुने स्थिति आउन नदिनु, सबैमा समान व्यवहार गर्नु हो । यसरी हाम्रो नेपाली प्राचीन संस्कृति उदार, गुणग्राही (सबैको राम्रो कुरा ग्रहण गर्ने) समन्वयात्मक सह्रदायी भाव रहेको प्रष्टसँग पाउँछौ ।

तर आज विश्व परिवेशको कारणले हो वा अरुको नक्कल हो वा मानिस स्वार्थ बन्दै गएको हो वा अध्ययनको कमिले चेतना हराउँदै गएको हो । जसका कारणले व्यक्ति हावी हुँदै तेरो मेरोको भावना र गलत प्रवृत्ति खडा हुँदै जाँदा यो असल परम्परा जस्ताको त्यस्तै कायम हुन सकेन । विकृत्ति विसंगतिको शिकार स्वयं हामी बन्न पुगेका छौँ । तसर्थ संसार (पृथ्वी) एउटा परिवार हो । हामी सबै मानव हौ । सबै मिलेर बस्नु पर्छ । आजको विश्वको लागि समानता र न्याय र त्यसको निरन्तरता लागि नयाँ अध्याय नयाँ अर्थशास्त्रको रचना गर्न ढिला गर्नु हुँदैन हाम्रा मूल्य मान्यतालाई अक्षुण कायम गर्दै बहुभाषी, बहुजाति, बहुसांस्कृतिक समाजलाई अझ प्राथमिकतामा राखी अघि बढ्दै नेपालको चिनारी नै सांस्कृतिक विविधता हो ।

(लेखकः राष्ट्रिय हिन्दू एकता मञ्च नेपालका केन्द्रीय अध्यक्ष हुन् ।)

# पूर्व शिक्षक तथा पत्रकार पाठकको निधन



बिर्तामोड(प्रस)। पूर्व शिक्षक तथा पुराना पत्रकार नेत्र पाठकको निधन भएको छ ।

बिर्तामोड ४ निवासी पाठकको ७२ वर्षको उमेरमा बिहीवार बिहान ९.३० बजे निधन भएको हो । उनी लामो समयदेखि अस्वस्थ्य रहेका थिए । नेपाल शिक्षक संगठनको नेतृत्वदायी भूमिकामा रहेका पाठकले पत्रकारिता पनि गरेका थिए । उनी प्रेस चौतारी झापाका संस्थापक अध्यक्ष हुन् ।

दम, निमोनिया, प्रोस्टेट क्यान्सर र ब्रनेको नशासँग सम्बन्धित समस्याको उपचार गर्दै आएका पाठक तीन वर्षदेखि घरमा आराम गरिरहेका थिए । पाठकको पार्थिव शरीरलाई शुक्रवार अन्त्येष्टि गरिने जनाइएको छ ।

# ब्राउनसुगरसहित दुई जना पक्राउ

झापा(प्रस) । कोशी प्रदेश प्रहरी कार्यालयको प्रादेशिक अनुसन्धान समुह पिआइटीबाट खटिएको प्रहरी टोलीले लागूऔषध ब्राउनसुगरसहित दुई जनालाई पक्राउ गरेको छ ।

बिराटनगर महानगरपालिका-१५ बाट दुहवी नगरपालिका-४ का २० बर्षीय पारस चौधरी र झापा गौरादह नगरपालिका-२ का ३५ बर्षीय संजिव खड्कालाई शंकास्पद अवस्थामा फेला पारी चेकजाँच गर्दा उनीहरुको साथबाट दुई ग्राम ५३ मिलिग्राम ब्राउनसुगर बरामद गरेको हो । ब्राउनसुगरसहित पक्राउ परेका उनीहरुको इलाका प्रहरी कार्यालय रानीबाट थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# तीन दिनसम्म तातो लहर चल्ने चेतावनी




झापा(प्रस) । मौसम पूर्मानुमान महाशाखाले आगामी तीन दिन देशका केही भूभागमा तातो हावा र तातो लहरको सम्भावना रहेको जनाएको छ । बिहीबार साँझ विशेष बुलेटिनमार्फत महाशाखाले देशको मध्य तथा पश्चिम तराईका भू-भागमा आगामी तीन दिन (जेठ ३२ गतेदेखि असार २ गते)सम्म अत्यधिक गर्मीको सम्भावना रहेको जनाएको हो ।

महाशाखाका अनुसार कञ्चनपुर, कैलाली, बर्दिया, बाँके र दाङ गरी पाँच जिल्लामा अत्यधिक गर्मीको सम्भावना छ ।

महाशाखाले तातो लहरको असरबाट जोगिन आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ ।

तातो हावा तथा तातो लहरबाट थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशीहरू दुख्ने, बान्ता आदि हुन सक्ने महाशाखाले जनाएको छ ।

तातो हावा तथा तातो लहरबाट बच्न बढी गर्मीको समयमा चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने (घाममा बढी नहिँड्ने), हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित (पटकपटक) पानी तथा झोल पदार्थ (जुस, सर्वत, आदि) प्रशस्त मात्रामा पिउन आग्रह गरेको छ ।महाशाखाले स्वास्थ्यमा समस्या देखिए स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रहेर थप सल्लाह लिनसमेत आग्रह गरेको छ ।

# पाथीभरा क्षेत्रमा



झापा(प्रस) । ताप्लेजुङको पाथीभरा क्षेत्रमा बृक्षरोपण अभियान सुरु भएको छ । मुकुम्लुङ संयुक्त संघर्ष समितिको आयोजनामा २० हजार बिरुवाको रोपिदै छन् ।

अभियानका क्रममा गुराँस प्रजाति, धूपी, सिमल, लोट सल्ला, चापलगायत बिरुवा रोपिने समितिले जनाएको छ ।

जिल्लास्थित सामुदायिक वनका नर्सरी र वन कार्यालयअन्तर्गतका नर्सरीबाट बिरुवा खरिद गरेर पाथीभरा क्षेत्रमा वृक्षरोपणको अभियान थालेको केलबार निर्माण खारेजी संघर्ष समितिका संयोजक खगेन्द्र फेम्बूले बताए । उनले भने, “बिहीवार सेवा पूजासहित बृहत् वृक्षरोपण गर्ने अभियान सुरु गर्यौं । अभियान असार १५ गतेसम्म जारी रहने छ ।”

पाथीभरा केबलकार निर्माणका लागि गत वैशाख अन्तिम साता रुख काटेको थियो । वन फडानी भएको क्षेत्रमा बिरुवा रोपिने संयोजक फेम्बूले बताए ।

# स्थापना दिवसमा आँखा जाँच

बिर्तामोड(प्रस) । नेपाल स्वास्थ्यकर्मी तथा कर्मचारी युनियन मेची आँखा अस्पतालले सामाजिक कार्य गर्दै स्थापना दिवस मनाएको छ ।

बिर्तामोड ३ मा रहेको मेची आँखा अस्पताल कर्मचारी युनियनले बुधबार पर्न गएको १५ औं स्थापना दिवस सामाजिक कार्य गर्दै मनाएको हो ।

कर्मचारी युनियनले स्थापना दिवसमा बिर्तामोड-४ स्थित लालीगुराँस टोलमा रहेको तारा नमस्ते बालग्रामका अभिभावकविहीन बालबालिकाको आँखा जाँच गर्दै छाता तथा खाद्यान्न सहयोग गरेको छ ।



बालग्रामका २८ जना बालबालिकाको आँखा जाँच तथा उनीहरुलाई छाता, चामल, तेल, भुजालगायतका सामग्री सहयोग गरिएको नेपाल स्वास्थ्यकर्मी तथा कर्मचारी युनियन केन्द्रीय सचिव तथा महिला विभाग प्रमुख कविता कार्की कडरियाले जानकारी दिइन् ।

उनले सामाजिक उत्तरदायित्व बहन गर्दै प्रत्येक वर्ष सामाजिक कार्य गर्दै आएको बताइन् ।

कर्मचारी युनियनका अध्यक्ष होमप्रसाद धितालको अध्यक्षता तथा कर्मचारी युनियन केन्द्रीय सचिव तथा महिला विभाग प्रमुख कडरियाको प्रमुख आतिथ्यतामा भएको सहयोग हस्तान्तरण कार्यक्रममा कर्मचारी युनियन उपाध्यक्ष रमेश सापकोटाले स्वागत गरेका थिए । कर्मचारी युनियन सचिव पुष्प अधिकारीले सञ्चालन गरेको कार्यक्रममा तारा नमस्ते बालग्रामको सञ्चालक यसोदा पोखरेल चापागाईंले कर्मचारीले गरेको सहयोगप्रति आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गरेकी थिइन् । कडरिया, होमप्रसाद धिताल, नेत्रा अधिकारीलगायतको टोलीले बालबालिकाको आँखा

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा



सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

**मिथुन** सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।

**कर्कट** जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।

**सिंह** सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।

**कन्या** मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्

**तुला** कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।

**वृश्चिक** आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।

**धनु** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**मकर** नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**कुम्भ** ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।

**मिन** आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ